धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १२४ ◆ २०८३ मंसिर ३ विहीबार ◆ Thursday, November 19, 2026 ◆ ने सं ११४७ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

राजस्व चुहावट मुद्दामा फरार न्यक्ति पक्राउ

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । नेपाल प्रहरीले राजस्व चुहावट सम्बन्धी मुद्दामा रु ५३ करोड ८१ लाख ८३ हजार ८१ जरिवाना र दुई वर्ष कैद सजाय तोकिएका एक फरार प्रतिवादीलाई पक्राउ गरेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइवी)ले उच्च अदालत पाटनबाट दोषी ठहर भई फरार रहेका रौतहटका ३३ वर्षीय गुलसन श्रीवास्तवलाई पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो । ब्यूरोका प्रवक्ता, अनुपमशम्शेर जबराले राजस्व अनुसन्धान विभागका निर्देशक तथा अनुसन्धान अधिकृत प्रेमप्रसाद आचार्य समेतको प्रतिवेदन तथा जाहेरीका आधारमा राजस्व चुहावटसम्बन्धी मुद्दामा श्रीवास्तव लाई पक्राउ गरिएको जानकारी दिनुभयो । पक्राउ श्रीवास्तवले आफू प्रोपाइटर रहेको साङ्गिला ट्रेड एन्ड सप्लायर्स, फ्रिन्स इन्टरनेसनल, मयङ्क इन्टरप्राइजेज, शुभलक्ष्मी इन्टरनेसनल र न्यू महादेव इन्टरनेसनल मार्फत झुटा तथा नक्कली मूल्य अभिवृद्धि कर बिजक जारी गरी कारोबार गरेको अभियोगमा मुद्दा दायर भएको थियो ।

सो मुद्दामा उच्च अदालत पाटनले २०८१ वैशाखमा फैसला गर्दै जरिवाना र कैद सजायको ठहर गरेको थियो । अदालतको फैसलापछि सजाय भुक्तान नगरी फरार रहेका श्रीवास्तवलाई ब्यूरोको टोलीले जिल्ला प्रहरी कार्यालय पर्साको सहयोगमा वीरगञ्जबाट पक्राउ गरिएको थियो । पक्राउ परेका श्रीवास्तव लाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौंमा उपस्थित गराइएको ब्यूरोले जनाएको छ ।

जलवायु परिवर्तन र हिमाली संरक्षणमा नेपाल-भारत सहकार्य गर्ने प्रतिबद्धता

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । नेपाल र भारतले संयुक्तरूपमा जलवायु परिवर्तनका असर न्यूनीकरण, हिमाली क्षेत्रको संरक्षण तथा जैविक विविधता जोगाउन सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्बन्धी पक्ष राष्ट्रहरूको ३१औं सम्मेलन (कोप-३१) का अवसरमा टर्कीको अन्ताल्यामा कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरी र भारतका वन, वातावरण तथा जलवायु परिवर्तनमन्त्री भूपेन्दर यादवबीच भएको द्विपक्षीय भेट-वार्तामा यस्तो प्रतिबद्धता व्यक्त गरिएको हो ।

भेटमा हिमाली क्षेत्रमा जलवायु परिवर्तनले निम्त्याएका जोखिम, विपद् व्यवस्थापन, वन संरक्षण, जलवायु वित्त तथा क्षेत्रीय सहकार्यका विषयमा छलफल भएको मन्त्री चौधरीको सचिवालयले जनाएको छ । त्यसअवसरमा नेपालले हिमालय क्षेत्रसम्बन्धी कार्ययोजना र स्थायी एजेन्डा कोप-३१ को निर्णयमा समावेश गर्न भारतको समर्थन माग गरेको थियो। साथै, जलवायु विज्ञान, पूर्वसूचना प्रणाली, अनुकूलन र वित्तीय सहयोगमा सहकार्य विस्तार गर्न मन्त्री चौधरीले आग्रह गर्नुभएको थियो ।



उहाँले जलवायुजन्य हानि तथा नोक्सानीसम्बन्धी कोषबाट प्रभावित देशलाई शीघ्र सहयोग उपलब्ध गराउने संयन्त्र स्थापना गर्न पनि भारतको समर्थन माग गर्नुभएको थियो। संयुक्त राष्ट्रसङ्घको महासभाको ८१औं अधिवेशनमा नेपालका प्रधानमन्त्री वालेन्द्र शाहले सन् २०२६ को सेप्टेम्बरमा औपचारिक रूपमा प्रस्ताव गर्नु भएको 'हिमालयन क्लाइमेट रेजिलियन्स मेकानिजम' स्थापना गर्ने प्रस्ताव लाई कार्यान्वयनमा ल्याउन भारतको सहयोग र समर्थनका लागि आग्रह गरिएको थियो । भेटमा अवैध वन्यजन्तु व्यापार तथा चोरीसिकार नियन्त्रण, सीमापार वन्यजन्तु आवागमन क्षेत्रको संरक्षण र दिगो वन व्यवस्थापनमा प्राविधिक सहयोग तथा ज्ञान आदानप्रदान बढाउने विषयमा समेत छलफल भएको थियो। मन्त्री चौधरीले आगामी वर्ष आयोजना हुने दोस्रो सगरमाथा संवादमा सहभागी हुन भारतीय मन्त्रीलाई निमन्त्रणा दिनुभएको थियो। भारतीय मन्त्री यादवले सो संवादमा आउने विषयमा आफू सकारात्मक रहेको बताउनुभएको मन्त्री चौधरीको सचिवालयले जनाएको छ। दुवै पक्षले जलवायु परिवर्तनका साझा चुनौती सामना गर्न क्षेत्रीय तथा अन्तरराष्ट्रिय मञ्चमा सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

दुई पूर्वमन्त्रीसहित छ जना पक्राउ

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । वैदेशिक रोजगारीका सन्दर्भमा मलेसिया र नेपालबीच भएको श्रम समझदारी (एमओयू) विपरीत गैरकानूनी रूपमा रकम असुली गरी ठगी तथा सङ्गठित अपराध गरेको कसूरमा पूर्व मन्त्रीद्वयसहित छ जना उच्चपदस्थ अधिकारी पक्राउ परेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय, सिंहदरबारको पत्र तथा विकास रानाभाट समेतको जाहेरीका आधारमा नेपाल सरकार वादी भई प्रतिवादी कैलाश खड्का समेत भएको ठगीसम्बन्धी कसूर तथा सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसूरमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

मलेसिया र नेपालबीच भएको सम्झौताको दायरा र कानूनी प्रक्रिया विपरीत अधिकार क्षेत्र नाघेर बदनियतपूर्वक विदेशी मुद्रा अपचलन गराई देशको अर्थतन्त्रको मुद्रा सञ्चितीकरणमा गम्भीर नोक्सानी पुर्याउने गरी निर्णय गरिएको अनुसन्धानबाट खुल्न आएको छ ।

अनुसन्धानका क्रममा मलेसिया जाने श्रमिकहरूसँग गैरकानूनी रूपमा ठगी गरी अमेरिकी डलर ८३ लाख ७० हजार ४३९ दशमलव ९२ र पाउन्ड स्टर्लिङ ३७ लाख १७ हजार ९८० दशमलव ८० गरी जम्मा रु. १ अर्ब ६९ करोड दुई लाख २४ हजार २६ दशमलव ७६ सङ्कलन गरिएको पाइएको छ ।

सङ्गठित समूहको लाभका लागि जानीजानी आफ्नो पदीय जिम्मेवारी तथा कर्तव्य विपरीत श्रमिकहरूलाई सङ्गठित रूपमा ठगी गर्ने कार्यमा मौन बसी, कानूनी उपचार नगरी वा नगराई सो गैरकानूनी रकम मलेसिया पठाउने निर्णयमा संलग्न रहेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको केन्द्रीय अनुसन्धान ब्यूरोले जनाएको छ। काठमाडौं जिल्ला अदालत बबरमहलबाट पक्राउ पूर्जी जारी गर्ने अनुमति लिई काठमाडौं, ललितपुर र सर्लाहीका विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरी विस्तृत अनुसन्धान अगाडि बढाइएको छ।

पक्राउ पर्नेमा तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीद्वय वर्ष ६० का शेरबहादुर कुँवर र वर्ष ६१ का रामेश्वर राय यादव रहेका छन् । अछामको चौरपाटी गाउँपालिका वडा नं. ४ स्थायी वतन भई हाल ललितपुरको महालक्ष्मी नगर पालिका वडा नं. ५ बस्ने कुँवर र सर्लाहीको चक्रघट्टा गाउँपालिका बेल्ही बस्ने यादवलाई यसै प्रकरणमा नियन्त्रणमा लिइएको हो। त्यस्तै, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका तत्कालीन सचिव वर्ष ६४ का विनोद केसी, सोही मन्त्रालयका तत्कालीन रोजगार व्यवस्थापन महाशाखा प्रमुखहरू तथा सह-सचिवद्वय वर्ष ५१ का उमेश ढुङ्गाना र वर्ष ५३ का राजिव पोखरेल पनि पक्राउ परेका छन् ।

यसैगरी, रोजगार का काम व्यवस्थापन महाशाखाकी तत्कालीन कानून अधिकृत तथा उपसचिव वर्ष ४९ की निर्मला गुरुङलाई पनि प्रहरीले पक्राउ गरेको छ। यस सङ्गठित ठगी तथा विदेशी मुद्रा अपचलन प्रकरणमा थप कानूनी कारबाही तथा अनुसन्धान जारी रहेको केन्द्रीय अनुसन्धान ब्यूरोका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक अनुपम शमशेर जबराद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन गरौंः मुख्यमन्त्री शाही

कर्णाली । कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले सङ्घीय व्यवस्था सफल बनाउन वित्तीय सङ्घीयताको प्रभावकारी कार्यान्वयन हुनुपर्ने बताउनुभएको छ ।

गाउँ पालिका महासङ्घ कर्णाली प्रदेश सुर्खेतद्वारा आयोजित स्थानीय सरकारको एक दशक: 'अन्तरसरकार समन्वय, वित्तीय सङ्घीयता कार्यान्वयनको प्रगति तथा सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढीकरणको समीक्षा र आगामी वर्षको कार्यदिशा' विषयक प्रदेशस्तरीय अन्तरक्रियालाई सम्बोधन गर्दै मुख्यमन्त्री शाहीले संविधानको मर्मबमोजिम प्रदेश सरकार तथा स्थानीय तह सञ्चालन हुन सके मात्र नागरिकलाई सङ्घीय व्यवस्थाको सकारात्मक अनुभूति हुने बताउनुभयो। उहाँले भन्नुभयो, "स्थानीय र प्रदेश सरकार प्रतिस्पर्धी होइन, सहयोगी बन्नुपर्छ । समन्वय र सहकार्यका माध्यमबाट अगाडि बढ्नुपर्छ । दुई तहको सरकार बीचको सहकार्यले मात्रै जनताको आवाश्यकता अनुसार काम गर्न सकिन्छ । आवश्यक कुरामा सहकार्य, समन्वय गरी अगाडि बढेर केन्द्र सरकारलाई सङ्घीयता कार्यान्वयनका लागि वाञ्छनीय दबाब दिनैपर्छ।" अधिकारका विषयमा सबै तहका सरकारको आपसी सहकार्य र समन्वय जरुरी रहेको उहाँको भनाइ थियो । प्रदेश तथा स्थानीय सरकार बलियो नभई सङ्घीय व्यवस्था सुदृढीकरण हुन नसक्ने छलफलका सहभागीको धारणा थियो ।

मधेस प्रदेशमा उल्लेख्य बजेट विनियोजन भएको छः मन्त्री लम्साल

जनकपुर । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले वर्तमान सरकारले पछिल्लो १० वर्षको तुलनामा मधेस प्रदेशमा सबैभन्दा बढी बजेट विनियोजन गरिएको बताउनुभएको छ ।

जनकपुर धाममा बुधबार पार्टीका नेता तथा कार्यकर्तासँगको भेटघाट तथा अन्तरक्रियामा चालु आर्थिक वर्षमा स्थानीय तथा ग्रामीण सडकको विकास र निर्माणका लागि रु ५० अर्बभन्दा बढी बजेट छुट्याइएको जानकारी दिनुभयो ।

चालु आवमा एकमुष्ट रूपमा अत्यधिक बजेट विनियोजन गरिएको उल्लेख गर्दै उहाँले आगामी दिनमा पनि मधेस प्रदेशको विकासका लागि बजेट वृद्धि गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले खानेपानी तथा पूर्वाधार निर्माणका क्षेत्रमा उल्लेख्य बजेट विनियोजन गरिएको बताउँदै सरकारले मधेस प्रदेशलाई पहिलो प्राथमिकतामा राखेको स्पष्ट पार्नुभयो। मधेस प्रदेशमा श्रमिकको सङ्ख्या अत्यधिक रहेकाले उनीहरूलाई न्यायोचित पारिश्रमिक उपलब्ध गराउने उद्देश्यले दैनिक ज्यालामा वृद्धि गरिएको बताउनुभयो ।

उहाँले मधेसको समग्र विकास, सडक सञ्जाल विस्तार तथा आधारभूत पूर्वाधार निर्माणलाई सरकारले प्राथमिकताका साथ अघि बढाएको उल्लेख गर्नुभयो ।

चितवन राइनोज एनपिएलको क्वालिफायरमा, काठमाण्डु गोर्खाज बाहिरियो

काठमाडौं । चितवन राइनोजले तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटको क्वालिफायर-२ मा स्थान बनाएको छ ।

हिजो (बुधबार) भएको भएको 'एलिमि-नेटर' खेलमा काठमाण्डु गोर्खाज लाई ६१ रनले हराउँदै चितवनले क्वालिफायर-२ मा स्थान बनाएको हो ।

चितवनले अब फाइनल प्रवेशका लागि बिहीबार (आज) सुदूर पश्चिम रोयल्ससँग प्रतिस्पर्धा गर्नेछ। आजको हारपछि काठमाण्डु भने उपाधि दौडबाट बाहिरिएको छ। 'एलिमिनेटर' खेलमा चितवनले दिएको २०५ रनको लक्ष्य पछ्याएको काठमाण्डुले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १४३ रन मात्र बनाउन सक्यो । उसका लागि विलियम बोसिस्टोले ३७, भीम सार्कीले अविजित ३०, सहान अराच्चिगेले २४, रशिद खानले १२ र सन्तोष यादवले १० रन जोडे ।

बाँकी ब्याटरले भने दोहोरो अङ्कमा समेत रन बनाउन सकेनन्। चितवनका लागि बलिङतर्फ रिजन ढकालले चार, उसामा मिरले तीन तथा कुशल मल्ल र सलाहुद्दीन खानले एक-एक विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस जितेर ब्याटिङ रोजेको चितवनले निर्धारित २० ओभरमा चार विकेट गुमाएर २०४ रन बनायो ।

उसका लागि ओपनिङ ब्याटर कामिल मिशारालेे शतकीय पारी खेले । उनले ५९ बलमा १० छक्का र पाँच चौकासहित अविजित १२० रनको पारी खेलेका हुन् ।

योसँगै मिशारा जारी एनपिएलमा शतकीय पारी खेल्ने दोस्रो ब्याटर बनेका छन् । यस्तै, बुधबार कप्तान रवि बोपारालेे अर्धशतकीय पारी खेले ।

उनले ४२ बलमा तीन चौका र दुई छक्काको मद्दतमा ५३ रनको पारी खेलेका हुन् । देव खनालले १५ बलमा दुई चौका र एक छक्कासहित १७ रन जोडे ।

सो क्रममा काठमाण्डुका लागि बलिङतर्फ कप्तान करण केसी र रशिद खानले उक्त खेलमा समान २/२ विकेट लिए ।

सम्पादकीय ....

चोरीका घटना नियन्त्रण गर्न सबैको सक्रियता आवश्यक

समाजमा शान्ति, सुरक्षा र अमनचयन कायम हुनु नागरिकको पहिलो आवश्यकता हो । तर पछिल्लो समय विभिन्न स्थानमा चोरीका घटना हुने गरेको खबरले सर्वसाधारणमा त्रास र असुरक्षा बढाएको छ । घरमा कोही नभएको मौका छोपेर चोरी गर्ने, पसल तथा व्यवसायमा चोरी गर्ने, सार्वजनिक स्थानबाट मोबाइल, मोटरसाइकल तथा अन्य सामान चोरी गर्ने जस्ता घटनाले नागरिकको सम्पत्तिमाथि जोखिम बढाएको छ । यस्ता घटना नियन्त्रण गर्न प्रहरी प्रशासनदेखि नागरिक समाजसम्म सबै पक्ष जिम्मेवार बन्न आवश्यक छ ।

चोरीका घटना हुनुका पछाडि विभिन्न कारण हुन सक्छन् । बेरोजगारी, लागुऔषध दुर्व्यसन, आर्थिक अभाव, आपराधिक मानसिकता तथा कमजोर सुरक्षा व्यवस्थालाई चोरीका सम्भावित कारणका रूपमा लिन सकिन्छ । कतिपय अवस्थामा चोरी गर्ने व्यक्तिले घरपरिवारको गतिविधि निगरानी गर्ने र सुनसान समयको फाइदा उठाउने गरेको पाइन्छ । बजार क्षेत्र तथा सार्वजनिक स्थानमा पर्याप्त निगरानी नहुँदा पनि यस्ता घटना बढ्न सक्छन् ।

चोरी नियन्त्रणका लागि सबैभन्दा पहिले प्रहरी प्रशासनलाई थप सक्रिय र जिम्मेवार बनाउन आवश्यक छ । चोरीका घटना बढी हुने क्षेत्रको पहिचान गरी नियमित गस्ती बढाउनुपर्छ । शंकास्पद गतिविधिमाथि निगरानी राख्नुका साथै चोरीमा संलग्न व्यक्तिको पहिचान गरी कानुनी कारबाही गर्नुपर्छ । घटनापछि मात्र अनुसन्धान गर्ने होइन, घटना हुनै नदिन पूर्वसावधानीका उपाय अपनाउनु आवश्यक छ ।

नागरिक आफैँ पनि सचेत हुनुपर्छ । घर छाडेर बाहिर जाँदा ढोका, झ्याल तथा अन्य प्रवेशद्वार सुरक्षित राख्ने, बहुमूल्य सामान सुरक्षित स्थानमा राख्ने र अपरिचित व्यक्तिलाई घरभित्र प्रवेश गराउँदा सावधानी अपनाउनुपर्छ । घर तथा पसलमा सीसीटीभी क्यामेरा, राम्रो ताल्चा र आवश्यक सुरक्षा उपकरण जडान गर्न सकिन्छ । छिमेकीबीच आपसी सहयोग र सूचना आदानप्रदान गर्ने बानीले पनि चोरी नियन्त्रणमा सहयोग पुग्छ ।

स्थानीय तह, टोल विकास संस्था र नागरिक समाजले पनि सुरक्षा व्यवस्थामा ध्यान दिनुपर्छ । टोलटोलमा नागरिक निगरानी समूह गठन गरी शंकास्पद गतिविधिबारे तत्काल प्रहरीलाई जानकारी गराउने व्यवस्था गर्न सकिन्छ । विद्यालय तथा समुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । लागुऔषध दुर्व्यसन तथा आपराधिक गतिविधिमा संलग्न हुन सक्ने युवालाई सही बाटोमा ल्याउन रोजगार, सीपमूलक तालिम र सामाजिक पुनःस्थापनाका कार्यक्रम पनि आवश्यक छन् ।

चोरीको घटना भइसकेपछि पीडितले डर वा लाजका कारण प्रहरीमा उजुरी नगर्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ । कुनै पनि चोरीको घटना लुकाउनु हुँदैन । समयमै प्रहरीलाई जानकारी गराउँदा अनुसन्धान र दोषी पहिचान गर्न सहज हुन्छ । नागरिकले पनि कानुन हातमा नलिई प्रहरीलाई सहयोग गर्नुपर्छ ।

अन्त्यमा, चोरी नियन्त्रण गर्नु प्रहरी प्रशासनको मात्र जिम्मेवारी होइन । सुरक्षित समाज निर्माणका लागि प्रत्येक नागरिक सचेत, जिम्मेवार र सहयोगी बन्नुपर्छ । सुरक्षा निकायको प्रभावकारी निगरानी, स्थानीय समुदायको एकता र नागरिकको सतर्कता एकसाथ अघि बढाउन सके चोरीका घटनामा कमी ल्याउन सकिन्छ ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

चपेटामा प्रारम्भिक बाल विकास र बालशिक्षा

डा बालचन्द्र लुइटेल,
डा रुपा मुनाकर्मी
बबिता महर्जन

प्रारम्भिक बाल विकास र बाल शिक्षा (इसिइडी) को प्राथमिक ध्येय बालबालिकाको सर्वाङ्गीण (शारीरिक, संवेगात्मक, सामाजिक, भाषिक तथा संज्ञानात्मक) उन्नति हासिल गराउनु हो । यस्तो विकास पाठ्यपुस्तक कण्ठ पार्ने परिपाटीबाट नभई खेल, जिज्ञासा, स्वतन्त्र खोज र स्नेहमय अन्तरक्रियाद्वारा सम्भव हुन्छ । यद्यपि, नेपालमा विगत दुई दशकयता इसिइडीका कार्यक्रमहरू तीव्र रूपमा विद्यालयीकरण (स्कुलिफिकेशन)को सिकार बनिरहेका छन् । विद्यालयीकरण भन्नाले प्रारम्भिक बाल्यकालको सिकाइ परिवेशलाई औपचारिक विद्यालयको साँचोमा ढाली डेस्क-बेन्च, किताब-कापी, गृहकार्य एवं परीक्षातर्फ मोड्ने अनि बालबालिकाको प्राकृतिक खेल, सिर्जनशीलता र बालसुलभतालाई पाखा लगाउने अभ्यास हो । हामीले विभिन्न मञ्चहरूमा यस विद्यालयीकरण र औपचारिक विद्यालयजस्तो बनाउने प्रवृत्तिप्रति निरन्तर ध्यानाकर्षण गराउँदै यसले इसिइडीलाई केवल 'विद्यालय प्रवेशको तयारी' मा सीमित तुल्याएको कुरा प्रस्ट पार्दै आएका छौं ।

बाल्यकाललाई वयस्क जीवनको तयारीका रूपमा मात्र बुझ्नु हुँदैन । बाल्यकाल आफैँमा पूर्ण, अर्थपूर्ण र अधिकारसम्पन्न जीवनको अवस्था हो । त्यसैले इसिइडीको सफलता बालबालिकाले कति अक्षर चिने, कति शब्द लेखे वा कति गणितीय प्रश्न हल गरे भन्ने आधारमा मात्र मापन गर्न सकिँदैन । उनीहरू कति सुरक्षित, आत्मविश्वासी, जिज्ञासु, सिर्जनशील, आत्मनिर्भर र सामाजिक रूपमा सक्रिय बने भन्ने कुरा उत्तिकै महत्वपूर्ण हुन्छ । यस अर्थमा बाल्यकालको संरक्षण, सम्मान र प्रवर्द्धन इसिइडीको शैक्षिक मात्र नभई नैतिक, सामाजिक र अधिकार सम्बन्धी दायित्व पनि हो ।

विद्यालयीकर :

विद्यालय तयारी (स्कुल रेडिनेस) र विद्यालयीकरण (स्कुलिफिकेसन) समानार्थ अवधारणा होइनन् । विद्यालय तयारी भन्नाले बालबालिका विद्यालय प्रवेश गर्दा आवश्यक पर्ने आधारभूत शारीरिक, सामाजिक, संवेगात्मक, भाषिक तथा संज्ञानात्मक क्षमताको समग्र विकासलाई बुझिन्छ । यसको विपरीत विद्यालयीकरणले प्रारम्भिक बाल्यकालकै सिकाइलाई औपचारिक विद्यालयको पाठ्यक्रम, समय तालिका, अनुशासन, परीक्षा र उपलब्धिमुखी प्रतिस्पर्धाको ढाँचामा सीमित गर्छ । वास्तविक विद्यालय तयारी बालबालिकालाई विद्यालयको दबाबअनुसार ढाल्नु होइन, विद्यालय लाई बालबालिकाको विकासात्मक आवश्यकता र विविधता (डिएपी) अनुसार तयार गर्नु हो । नेपालमा विद्यालयीकरण चार प्रमुख स्वरूपमा प्रकट भएको पाइन्छ ।

क. स्थानीय सांस्कृतिक तथा सामाजिक सन्दर्भ

यसमा आयातित मोडेल हरूको अन्धाधुन्ध प्रयोगलाई लिन सकिन्छ । विशेषगरी विकसित भनिएका शैक्षिक प्रणालीबाट सीधै अनुकरण गरिएका प्रि-स्कुल र तथा कथित 'इन्टरनेसनल' पाठ्यक्रमलाई नेपाली भाषा, स्थानीय परिवेश, मौलिक संस्कृति र बालबालिकाको दैनिक जीवन जगतसँग जोड्ने कुनै गम्भीर प्रयास नगरी तिनिहरूलाई अँगाल्ने प्रवृत्ति व्यापक रूपमा बढेको छ । यसले इसिइडीलाई बाल-बालिकाको स्वाभाविक विकासको माध्यम बनाउनुको सट्टा एउटा 'आयातित परियोजना' मा सीमित गरिदिएको छ ।

ख. औपचारिक शैक्षिक सामग्रीको अत्यधिक प्रयोग

चार वर्षभन्दा कम उमेरका साना बालबालिकाका लागि पनि पाठ्यपुस्तक, अभ्यास पुस्तिका, कापी र निरन्तरको लेखन अभ्यास लाई अनिवार्य बनाउने प्रवृत्ति व्यापक छ । यस उमेरमा बाल-बालिकाको सर्वाङ्गीण विकासका लागि खेलकुद, चित्रकला, कथा गायन तथा सामाजिक अन्तरक्रिया मुख्य माध्यम हुनुपर्नेमा थ्री आर (पढ्ने, लेख्ने र गणितीय गणना गर्ने) लाई नै सिकाइको मुख्य मानक मान्ने गरिएको छ । यसले गर्दा बालबालिकाको स्वाभाविक जिज्ञासा, सिर्जनशीलता र मौलिक सोच कुण्ठित हुन पुगेको छ ।

ग. कक्षा संरचना र मूल्याङ्कनको अत्यधिक विद्यालयीकृत ढाँचा

प्रारम्भिक बाल विकास र बालशिक्षा केन्द्रहरूमा पनि साना बालबालिकालाई उमेर (अनुकूल खुला तथा लचिलो वातावरण दिनुको सट्टा औपचारिक विद्यालय जस्तै कडा कक्षा संरचनामा बाँध्ने गरिएको पाइन्छ । विद्यालयकृत बेन्च डेस्कको संरचनाले उनीहरूको शारीरिक तथा प्राकृतिक सिकाइको चाहनालाई पूर्णरूपमा नियन्त्रण गर्छ ।

घ. कानुनी व्यवस्था

नेपालको विद्यमान कानुनी व्यवस्थाले चार वर्ष उमेर पूरा गरेका बालबालिकाका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा सुनिश्चित गरेको छ । राष्ट्रिय प्रारम्भिक बाल विकास रणनीति, २०७७-२०८८ ले गर्भावस्थादेखि आठ वर्षसम्मको अवधिलाई समेट्दै स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण, हेरचाह र प्रारम्भिक सिकाइलाई एकीकृत रूपमा हेरेको छ । यस सन्दर्भमा चार वर्षभन्दा कम उमेरका बालबालिकाका लागि आवश्यक विकास अनुकूल हेरचाह (केयर) सुरक्षित वातावरण, पोषण, खेल र सामाजिक अन्तरक्रियाका अवसरहरूलाई पनि राज्यको नीतिगत जिम्मेवारीभित्र समेटिनु पर्छ । विशेषगरी घरबाहिर काम गर्ने अभिभावक, न्यून आय भएका परिवार र जोखिममा रहेका समुदायका बालबालिकाका लागि गुणस्तरीय बाल हेरचाह केन्द्रको व्यवस्था आवश्यक छ । यसरी (इसिइडी) लाई एक वर्षको विद्यालय प्रवेशपूर्व कार्यक्रमका रूपमा मात्र नभई जन्मदेखि आठ वर्षसम्मको निरन्तर र एकीकृत विकास प्रक्रियासँग जोडेर बुझ्नुपर्छ । एकीकृत विकासको दृष्टिकोणलाई बेवास्ता गरी अधिकांश अभिभावक मा 'जति धेरै वर्ष पढाउन सकियो र जति छिटो औपचारिक कापी-कलम समात्न लगाइयो, उति नै राम्रो इसिइडी हुन्छ' भन्ने गलत धारणा व्याप्त छ । अभिभावकको यही मानसिकताले प्रारम्भिक बाल विकासलाई एउटा गलत शिक्षा परियोजननना (मिसएजुकेशन प्रोजेक्ट) मा परिणत गरिएको छ । विद्यालयीकरणलाई अभिभावकको व्यक्तिगत चाहना वा विद्यालयको शिक्षण अभ्यासमा मात्र सीमित गरेर बुझ्नु पनि पर्याप्त हुँदैन । यो नेपालको शिक्षा प्रणालीभित्र विकसित हुँदै गएको एउटा संरचनागत समस्या पनि हो । निजी शैक्षिक संस्थाहरूबीचको प्रतिस्पर्धा, अङ्ग्रेजी माध्यमप्रतिको सामाजिक आकर्षण, छिटो शैक्षिक उपलब्धि देखाउने दबाब, व्यावसायिक पाठ्यपुस्तक तथा शैक्षिक सामग्री को बजार र प्रारम्भिक बाल शिक्षामा प्रभावकारी नियमनको अभावले विद्यालयीकरणलाई थप संस्थागत बनाएका छन् । यसरी बाल्यकाल क्रमशः शैक्षिक प्रतिस्पर्धा र उपभोगको वस्तुमा रूपान्तरण हुने जोखिम बढेको छ । त्यसैले विद्यालयीकरणको समाधानका लागि अभिभावक सचेतना मात्र पर्याप्त हुँदैन, शिक्षा प्रणाली, संस्थागत अभ्यास, नियमन र बजार संरचनामा समेत परिवर्तन आवश्यक छ ।

विद्यालयीकरणका गम्भीर प्रभावहरू

विद्यालयीकरणले प्रारम्भिक बाल विकासका लक्ष्य हरूलाई विकृत मात्र गरेको छैन, यसले बालबालिकाको विकासमै दीर्घ-कालीन मुख्यगरी निम्न नकारात्मक असर पुऱ्याएको देखिन्छ:

विकासमा नकारात्मक असर

इसिइडीका सन्दर्भमा विद्यालयीकरण मुख्यतया चार स्वरूपमा प्रकट भएको पाइन्छ । पहिलो, रैथाने ज्ञान र स्थानीय परिवेशलाई बेवास्ता गर्दै पश्चिमा तथा आयातित प्रि-स्कुल मोडेलको अन्धाधुन्ध प्रयोग गर्नु । दोस्रो, चार वर्षभन्दा कम उमेरका बाल-बालिकालाई पनि घोकाउने र औपचारिक कापी किताब तथा गृहकार्यको भार थोपर्नु । तेस्रो, कक्षा संरचना, शिक्षक-केन्द्रित कण्ठा गर्ने शिक्षण विधि र प्राप्ताङ्कमा आधारित नतिजामुखी मूल्याङ्कन ढाँचा अँगाल्नु । चौथो, अतिरिक्त व्यापारिक कक्षाहरू सञ्चालन गरी प्रारम्भिक बाल शिक्षाको मानमर्दन गर्नु ।

तनाव र मनोवैज्ञानिक भार

प्रारम्भिक बाल्यकालमा बालबालिकामाथि थोपरिने अत्यधिक विद्यालयीकरणले उनीहरूको मानसिक र मनोवैज्ञानिक स्वास्थ्यमा गम्भीर नकारात्मक असर पारिरहेको छ । साना बालबालिकाले छिटो अक्षर चिन्नु, अङ्ग्रेजी बोल्नु वा धेरै हिसाब गर्नुलाई नै उत्कृष्ट बाल विकास मान्ने गलत धारणाका कारण विद्यालयहरू पनि कण्ठ गर्ने प्रणाली र विधि अपनाउन बाध्य छन् । सरकारले पनि सही पैरवी र स्रोतको व्यवस्था गर्न उदासिन रहँदा यो क्षेत्रको सही विकास भएको देखिन्न । पाँच वर्ष वा सोभन्दा कम उमेरका साना बालबालिकालाई उनीहरूको विकासक्रम अनुकूल नहुने गरी 'कक्षा १' वा सोभन्दा माथिल्लो तहको कठिन पाठ्यक्रम घोकाउने, दैनिक कापी-कलममा सीमित गराई अनिवार्य गृहकार्य दिने र लिखित परीक्षाको सामना गर्न बाध्य पारिँदा उनीहरूमा निरन्तरको चिन्ता, मानसिक तनाव र असफलताको डर पैदा हुन्छ ।

असमानताको विस्तार

इसिइडीमा देखिएको अत्य-धिक विद्यालयी करणले बाल-बालिकाको समग्र मानसिक स्वास्थ्य, संवेगात्मक विकास र सामाजिक सम्बन्धमा गम्भीर असर पारिरहेको छ । साना बालबालिकालाई उनीहरूको उमेर र क्षमताभन्दा माथिल्लो स्तरको औपचारिक पाठ्यक्रम घोकाउने, दैनिक गृहकार्यको बोझ थोपर्ने तथा लिखित परीक्षाको सामना गर्न बाध्य पारिने अभ्यासले उनीहरूमा मानसिक तनाव र चिन्ता सिर्जना गर्दछ ।

प्रारम्भिक बालविकासमा सरकारको कम लगानीले एक प्रकारको विषम अवस्था उत्पन्न भएको छ ।

समाजलाई भष्ट्रचार मुक्त बनाऔं ।

- इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,
- सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरौं,
- भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं ।



नेपाल सरकार,
विज्ञापन बोर्ड

चोरीका गरगहनासहित पक्राउ

काठमाडौँ । काठमाडौँको जय बागेश्वरी स्थित एक घरबाट सुनचाँदीका गरगहना चोरी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौँका दीपेश डङ्गोल रहेका छन् । जिल्ला प्रहरी परिसर काठमाडौँका अनुसार घरमा चोरी भएको सूचना प्राप्त भएपछि प्रहरी वृत्त गौशालाबाट खटिएको टोलीले उनलाई पक्राउ गरेको हो ।

प्रहरीले स्कुटरमा सवार भइरहेको अवस्थामा डङ्गोललाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता दानबहादुर थापाले जानकारी दिनुभयो । पक्राउपछि डङ्गोलको कोठामा खानतलासी गर्दा चोरीका विभिन्न सुन तथा चाँदीका गरगहनासहित नगद फेला परेको प्रहरीले जनाएको छ । उनको साथबाट भारतीय रुपैयाँ १६ हजार ७१६ र नेपाली रु ४१ हजार बरामद गरिएको छ । प्रहरीले बरामद गरिएका गरगहना तथा नगद चोरीसँग सम्बन्धित रहेको जनाएको छ । डङ्गोलविरुद्ध चोरीसम्बन्धी कसुरमा जिल्ला अदालत काठमाडौँ बाट बुधबार पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता थापाले बताउनुभयो ।

सितारका झंकार हाइकुसंग्रह सार्वजनिक

काठमाडौँ । साहित्यकार विजया शर्माको 'सितारका झङ्कार' हाइकुसङ्ग्रह विमोचन गरिएको छ । मञ्जुश्री साहित्यिक समाजले बुधबार (हिजो) आयोजना गरेको कार्यक्रममा साहित्यकार शर्माको हाइकुसङ्ग्रह 'सितारका झङ्कार' विमोचन गरिएको हो ।

उक्त कृतिको नेपाल हाइकु केन्द्रका अध्यक्ष प्राध्यापक रामकुमार पाँडे, मञ्जुश्री साहित्यिक समाजका अध्यक्ष वरिष्ठ साहित्यकार डा बमबहादुर थापालगायतले विमोचन गर्नुभयो । कार्यक्रममा हाइकु केन्द्रका अध्यक्ष पाँडेले लेखक शर्माले ८४ वर्षको उमेरमा हाइकु लेखनमार्फत जीवन र जगतप्रतिको गहिरो भावनालाई जीवन्त रुपमा प्रस्तुत गर्न सफल भएको कुरा बताउनुभयो । उहाँले नेपालमा २०१९ सालमा शङ्कर लामिछानेले जापानी लघुशैलीको हाइकु कवितालाई नेपालमा भित्र्याएको स्मरण गर्दै पछिल्लो समय हाइकु लेखन नेपालमा सशक्त रुपमा अगाडि बढेको बताउनुभयो । हाइकु जम्मा १७ अक्षरको हुने उहाँको भनाइ थियो । उहाँले आगामी दिनमा हाइकु सङ्ग्रहालय र पुस्तकालय स्थापनाका लागि केन्द्रले काम गर्दै आइरहेको बताउनुभयो । मञ्जुश्री साहित्यिक समाजका अध्यक्ष डा जीतालीले 'सितारका झङ्कार'भित्र लयात्मक सिर्जनामा मौलिक नेपालीपन झल्केको बताउनुभयो । सो क्रममा उहाँले विस २०६० को दशकदेखि नेपालमा हाइकु सशक्त रुपमा अगाडि बढेको उल्लेख गर्नुभयो । कार्यक्रममा डा निशिकान्त सोनवलकरले विशेष तबला वादन गर्दै साङ्गीतिक प्रस्तुती दिनुभएको थियो ।

जलवायु न्यायको माग गर्दै आन्ताल्यामा नेपालीको प्रदर्शन



काठमाडौँ । गत कात्तिक २३ गतेदेखि जारी अन्तरराष्ट्रिय जलवायु सम्मेलन (कोप-३१) मा जलवायु न्यायका लागि नेपालीहरुले टर्कीएको अन्ताल्यामा प्रदर्शन गरेका छन् ।

सम्मेलनमा भाग लिन पुगेका नेपालीहरुले जलवायु परिवर्तनका गम्भीर असर निकै नै भोगिरहेको नेपालले अन्तरराष्ट्रिय समुदायबाट सहानुभूति होइन, न्याय पाउनुपर्ने माग गर्दै बुधबार प्रदर्शन गरेका हुन् । रसुवा भोटेकोशी बाढीका पीडित सम्झँदै नेपाली हरु सहभागीहरुले जलवायु न्यायको माग गर्नुभएको हो । प्रदर्शनस्थलमा चारवटा शवका नमूना राखिएको जनाइएको छ । आफन्त बाढीमा बेपत्ता भएपछि शवसमेत फेला नपरेको पीडालाई ती नमूनामार्फत प्रस्तुत गरिएको थियो । शवको नमूनामार्फत बाढी र जलवायुजन्य विपद्ले निम्त्याउने मानवीय क्षति, परिवारले भोग्नुपर्ने पीडा र बेपत्ता आफन्तको अन्तिम संस्कारसमेत गर्न नपाउने अवस्थालाई प्रदर्शन गरिएको थियो । जलवायु सङ्कटका लागि जिम्मेवार प्रदूषणकारी राष्ट्र तथा पक्षहरूले क्षतिपूर्ति दिनुपर्ने मागसहित आयोजित प्रदर्शनमा विभिन्न मुलुकका प्रतिनिधिहरूले ऐक्यबद्धता जनाउनुभएको थियो ।

प्रदर्शनमा 'नेपाललाई जलवायु न्याय चाहिन्छ', 'ऋण होइन, क्षतिपूर्ति चाहिन्छ' लगायतका नारा लेखिएका प्लाकार्ड प्रदर्शन गरिएको थियो । प्रदर्शनमा विभिन्न देशका वक्ताहरूले पनि नेपालको जलवायु न्यायसम्बन्धी मागप्रति ऐक्यबद्धता जनाउनुभएको थियो । उहाँहरूले जलवायु परिवर्तनबाट जोखिममा रहेका समुदाय र देशका आवाजलाई अन्तरराष्ट्रिय जलवायु वार्तामा प्राथमिकता दिनुपर्नेमा जोड दिनुभएको थियो ।

नेपाली वक्ताहरूले जलवायु परिवर्तनबाट प्रभावित नेपाललाई ऋण दिएर थप आर्थिक भार बोकाउनुको सट्टा प्रदूषणका लागि जिम्मेवार पक्षले क्षतिपूर्ति दिनुपर्ने बताउनुभएको थियो ।

सर्वोच्च अदालतबाट पशुपति गौशाला धर्मशालासम्बन्धी फैसला सदर, स्वामित्व कोषकै मातहत

काठमाडौँ । सर्वोच्च अदालतले पशुपति गौशाला धर्मशालासम्बन्धी जिल्ला र उच्च अदालतका फैसला सदर गर्दै धर्मशालाको जग्गामा मारवाडी सेवा समितिको मोही हक नलाग्ने ठहर गरेको छ । यससँगै पशुपति गौशाला धर्मशालाको सम्पूर्ण स्वामित्व पशुपति क्षेत्र विकास कोषमै रहने कानुनी आधार थप बलियो भएको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय टेकप्रसाद ढुङ्गाना र शान्तिसिंह थापाको संयुक्त इजलासले मारवाडी सेवा समितिले दायर गरेको मुद्दा दोहोर्याएर हेरिपाऊँ भन्ने निवेदनमा अनुमति नदिने आदेश जारी गरेको हो ।

सर्वोच्चले उच्च अदालत पाटनको २०८३ वैशाख २१ गतेको फैसलामा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा १ को खण्ड (क) र (ख) बमोजिम मुद्दा दोहोर्याएर हेर्नुपर्ने अवस्था नदेखिएको भन्दै अनुमति दिन अस्वीकार गरेको छ । विवाद साविक पशुपति वडा नं. २ स्थित कित्ता नम्बर ८३ को चार रोपनी १५ आना दुई दाम र कित्ता नम्बर ८५ को चार रोपनी १० आना जग्गासँग सम्बन्धित छ । उक्त जग्गामा मारवाडी सेवा समितिको मोही हक नरहेको ठहर जिल्ला अदालत काठमाडौँले गरेको थियो । उच्च अदालत पाटनले उक्त फैसला सदर गरेको थियो ।

काठमाडौँ जिल्ला अदालत का तत्कालीन न्यायाधीश कमल प्रसाद पोखरेलको इजलासले २०८१ असोज १६ गते गरेको फैसलाको पूर्णपाठमा पशुपति गौशाला धर्मशालाको जग्गामा समितिको मोही हक स्थापित नहुने उल्लेख छ ।

फैसलामा साविकदेखि पशुपति गौशाला धर्मशाला नामको कुनै संस्था अस्तित्वमा रहेको नदेखिएको र मारवाडी सेवा समितिले २०६० जेठ १२ गते पशुपति अमालकोट कचहरीसँग सम्झौता गर्दा उक्त तथ्य स्वीकार गरेको उल्लेख गरिएको छ । जिल्ला अदालतको फैसला उच्च अदालत बाट सदर भएपछि मारवाडी सेवा समितिले २०८१ मङ्सिर २१ गते पशुपति क्षेत्र विकास कोष, कोषका तत्कालीन सदस्य-सचिव डा मिलनकुमार थापासहित १२ जनालाई विपक्षी बनाएर उच्च अदालत पाटनमा मुद्दा दायर गरेको थियो ।

सर्वोच्च अदालतको पछिल्लो आदेशसँगै जिल्ला, उच्च र सर्वोच्च तीनै तहका अदालतबाट पशुपति गौशाला धर्मशालाको जग्गामा मारवाडी सेवा समितिको मोही हक नरहेको ठहर कायम भएको छ । यसले धर्मशालाको व्यवस्थापन र सञ्चालन कोषको मातहतमा ल्याउने बाटो स्पष्ट गरेको छ ।

मुस्ताङमा पहिलो चौमासिकमा एक लाख १२ हजार पर्यटक

मुस्ताङ । चालु आर्थिक वर्षको पहिलो चौमासिकमा एक लाख १२ हजार ४८ पर्यटक मुस्ताङ भित्रिएका छन् । साउनदेखि कात्तिकसम्म मुस्ताङ भित्रिने पर्यटकमध्ये ५७ हजार ८३१ नेपाली र ५४ हजार २१७ विदेशी रहेका जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक एवं सूचना अधिकारी सन्तोष बस्यालका अनुसार उक्त अवधिमा बेनी-जोमसोम सडकमार्ग हुँदै भित्रिएका नेपाली पर्यटकमध्ये ४३ हजार ५८४ पुरुष र १४ हजार २४७ महिला छन् । विदेशी पर्यटकमध्ये ३७ हजार ४१७ पुरुष, १६ हजार ७९३ महिला र सात जना अन्य रहेका छन् ।

पहिलो चौमासिकमा विदेशीको तुलनामा नेपाली पर्यटकको सङ्ख्या तीन हजार ६१४ अर्थात् ६ दशमलव २४ प्रतिशतले बढी रहेको प्रहरी निरीक्षक बस्यालले जानकारी दिनुभयो ।

घाँसा प्रहरी चौकीको अभिलेखअनुसार साउनमा ३० हजार ५३४, भदौमा २० हजार २६८, असोजमा १९ हजार ५३९ र कात्तिकमा ४१ हजार ७०७ स्वदेशी तथा विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए । दशैँ, तिहार र छठ पर्वको लामो बिदाका कारण कात्तिकमा पर्यटकको आगमन बढेको हो । असोजमा भारी वर्षाका कारण बेनी-जोमसोम सडक दुई साताभन्दा बढी समय अवरुद्ध हुँदा पर्यटक



आगमन घटेको प्रहरी निरीक्षक बस्यालले बताउनुभयो ।

यसैगरी, मुस्ताङमा पहिलो चौमासिकमा बेनी-जोमसोम सडकमार्ग हुँदै ६९ हजार ७४६ सवारीसाधन मुस्ताङ भित्रिएका छन् । प्रहरीका अनुसार साउनमा ४१ हजार ७४७, भदौमा सात हजार ९८२, असोजमा चार हजार ९७३ र कात्तिकमा १५ हजार ४४ सवारी साधन मुस्ताङ प्रवेश गरेका थिए ।

आर्थिक वर्ष २०८२/८३ मा बेनी-जोमसोम सडकमार्ग हुँदै सात लाख ७७ हजार ७३७ स्वदेशी तथा विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए ।

विपद्पछि तीनै तहका सरकारबीच सहकार्य र समन्वय आवश्यक

गण्डकी । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले यस वर्ष देशका विभिन्न ठाउँमा निम्तिएको प्राकृतिक विपद्पछिको पुनःनिर्माण तथा पुनःस्थापनामा तीनै तहका सरकारबीच सहकार्य र समन्वय हुनुपर्ने बताउनुभएको छ ।

राष्ट्रिय सभाअन्तर्गतको भोटेकोशी एवं कालीगण्डकी करिडोर विपद्सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिसँग बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको छलफल तथा अन्तरक्रियामा उहाँले विपद्का बेला सङ्घ, प्रदेश सरकार र स्थानीय तहबीच प्रभावकारी समन्वय नहुँदा राहत तथा उद्धार कार्यमा असहजता सिर्जना हुने गरेको बताउनुभयो ।

सो क्रममा मुख्यमन्त्री पाण्डेले भोटेकोशी, कालीगण्डकी र बुढीगण्डकी नदीमा यस वर्ष आएको बाढीले गण्डकी प्रदेशमा पुर्याएको क्षतिको पुनःनिर्मामा प्रदेश सरकार एक्लैले मात्र केही गर्न नसक्ने भन्दै उहाँले सङ्घ सरकारले तीनवटै विपद्ग्रस्त क्षेत्रमा एउटै प्याकेजमा पुनःनिर्माण थाल्नुपर्ने बताउनुभयो । "प्रधानमन्त्री र गृहमन्त्रीसँगको भेटमा पनि प्रदेश सरकारले गर्नसक्ने पुनःनिर्माणका कामबारे जानकारी गराएका छौँ, यी यी काम सङ्घ सरकारले नै गर्नुपर्छ पनि भनेका छौँ", उहाँले भन्नुभयो । प्रदेशको कार्यक्षेत्रभित्र पर्ने भौतिक संरचनाको पुनःनिर्माणका लागि पनि सङ्घ सरकारको सहयोग चाहिने मुख्यमन्त्री पाण्डेको भनाइ छ ।

हाल कालीगण्डकी र बुढीगण्डकीमा आएको बाढीले प्रभावित नागरिकको उद्धार तथा राहतमा कुनै कमी हुन नदिन प्रदेश सरकार लागिपरेको उहाँले सो क्रममा बताउनुभयो । हरेक जिल्लामा १० लाख रूपैयाँभन्दा नघट्ने गरी र प्रदेशस्तरमा दस करोड रूपैयाँमा नघट्ने गरी राहत तथा उद्धार कोष स्थापना गरिएको मुख्यमन्त्री पाण्डेले बताउनुभयो । सोही कोषबाट बाढीपहिरो प्रभावितको राहत तथा उद्धारमा यस वर्ष झण्डै रु. तीन करोड खर्च भएको उहाँले बताउनुभयो । कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव तीर्थराज चिलुवाललेे प्रदेशमा यस वर्ष भएको विपद्का घटना, क्षतिको विवरण तथा सङ्घ सरकार सँगका अपेक्षाका विषयमा प्रस्तुति करण राख्नुभएको थियो ।

उहाँका अनुसार यस वर्ष बाढीपहिरो, डुबान आदि विपद्जन्य घटनाबाट प्रदेशका सात जिल्लाका २० वटा स्थानीय तह प्रभावित भएको जानकारी दिनुभयो । विपद्का कारण ३६ जनाको मृत्यु, तीन जना बेपत्ता हुनुका साथै ७३६ निजी घरमा क्षति पुगेको उहाँले बताउनुभयो । यस्तै सडक, पुल, भवनलगायत गरी अर्बौंको सार्वजनिक संरचनामा क्षति पुगेको प्रदेश सचिव चिलुवाललेे उल्लेख गर्नुभयो । बाढीपहिराका कारण सयौँ घरपरिवार विस्थापित भएको उहाँको भनाइ छ ।

विपद्पछिको उद्धार कार्यमा प्रदेश सरकारलाई सुरक्षा संयन्त्र परिचालन गर्ने कानुनी व्यवस्था नहुँदा र राहत वितरणमा प्रदेशको छुट्टै संरचना नहुँदा समस्या भइरहेको उहाँले बताउनुभयो । भोटेकोशी बाढी सरह कालीगण्डकी र बुढीगण्डकी बाढीमा पनि राहत तथा पुनःनिर्माण प्याकेज ल्याउन प्रदेश सरकारले माग गरेको उहाँको भनाइ छ । राष्ट्रिय सभाअन्तर्गतको भोटेकोशी एवं कालीगण्डकी करिडोर विपद्सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका सभापति कृष्ण प्रसाद पौडेलले गण्डकी प्रदेशका विपद्ग्रस्त क्षेत्रको स्थलगत अध्ययन तथा अनुगमन गरी सरकारलाई प्रतिवेदन बुझाइने बताउनुभयो ।

कन्काई पुल निर्माण गर्न माग

भद्रपुर । हुलाकी राजमार्गअन्तर्गत झापा गाउँपालिका र गौरीगञ्ज गाउँपालिका जोड्ने कन्काई पुलको निर्माण कार्य शीघ्र अघि बढाउन स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाले सरकारसँग माग गरेका छन् । चौध वर्षदेखि अलपत्र पुल परिसरमा हुलाकी सङ्घर्ष समितिले बुधबार आयोजना गरेको बहुभाषिक कन्काई कवि सम्मेलनका वक्ताहरूले ठेक्का सम्झौता रद्द भइसकेकाले सरकारले तत्काल नयाँ ठेक्का प्रक्रिया अघि बढाउनुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रमका प्रतिनिधिसभा सदस्य अमरेशकुमार सिंहले हुलाकी राजमार्गको समग्र समस्या बुझ्न आफूले मेची-महाकाली यात्रा सुरु गरेको बताउँदै कन्काई पुलको निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "पुलले भूगोल र व्यापार व्यवसाय जोड्छ । कन्काई पुलको छुट्टै महत्व छ । यसलाई अब अलपत्र पार्नु हुँदैन । निर्माणका लागि सदनमा समेत आवाज उठाउनेछौँ ।"

सो क्रममा प्रतिनिधिसभा सदस्य शम्भु ढकाल 'सुस्केरा'ले सरकारले पुरानो ठेक्का रद्द गरी निर्माण कम्पनीलाई जरिवाना गर्ने प्रक्रिया अघि बढाइसकेको समेत बताउनुभयो । उहाँका अनुसार चाँडै सम्बन्धित मन्त्रालय बाट प्राविधिक टोली आएर नयाँ पुल निर्माण गर्ने वा पुरानै संरचनाको बाँकी काम सम्पन्न गर्ने भन्ने विषयमा आवश्यक निर्णय गर्नेछ ।

उक्त कार्यक्रममा विभिन्न भाषाका कविहरूले आआफ्ना कविता वाचन गर्दै पुल निर्माणमा भइरहेको ढिलाइप्रति व्यङ्ग्य र चिन्ता व्यक्त गरेका थिए ।

गेटा स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनमा कुनै बहाना नगर्न आग्रह

सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले कैलालीको गेटास्थित दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनमा कुनै पनि बहाना स्वीकार्य नभएको बताउनुभएको छ ।

सुदूरपश्चिम प्रदेश चेम्बर अफ कमर्सको अगुवाईमा कैलालीको अत्तरियामा आयोजित स्वास्थ्य युवा महोत्सवको बुधबार उद्घाटन गर्दै उहाँले यस क्षेत्रका नागरिकको चाहना, सङ्घर्ष र लामो प्रयासपछि विश्वविद्यालय स्थापना भएकाले चिकित्सा शिक्षा अध्ययन सुरु गर्न कुनै बहाना नगर्न आग्रह गर्नुभयो ।

मुख्यमन्त्री भट्टले सङ्घीय सरकार र डा गोविन्द केसीबीच भएको सम्झौताका कारण शैक्षिक कार्यक्रम सञ्चालन हुँदैन कि भन्ने आशङ्का बढेको उल्लेख गर्दै सरकारले त्यो आशङ्का मेट्नुपर्ने धारणा राख्नुभयो । "यो विश्वविद्यालय सुदूरपश्चिमका जनताको लामो सङ्घर्ष र प्रतिक्षापछि स्थापना भएको हो । गुणस्तरीय चिकित्सा शिक्षा र स्वास्थ्य सेवा आफ्नै घरआगनमा प्राप्त गर्ने त्यो जनचाहनालाई सम्बोधन गर्न आवश्यक छ", उहाँले भन्नुभयो ।

मुख्यमन्त्री भट्टले स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच स्थापना गर्ने गरी सरकारले यस क्षेत्रको विकासमा काम गरिरहेको बताउनुभयो । उहाँले सुदूरपश्चिमको भौगोलिक अवस्था र पहाडी क्षेत्रको स्वास्थ्य सेवामा पहुँचसम्बन्धी समस्यालाई ध्यानमा राख्दै बैतडीको खोडपे, बुडरमा मिनी ट्रमा सेन्टर स्थापना गर्ने निर्णय गरिएको जानकारी दिनुभयो ।

त्यसैगरी, स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर दार्चुलाको गोकुलेश्वर र बाजुराको कोल्टीमा प्रादेशिक अस्पताल निर्माणको प्रक्रिया अघि बढाएको पनि उहाँले उल्लेख गर्नुभयो ।

मुख्यमन्त्री भट्टले नसर्ने रोग, मानसिक स्वास्थ्यलगायत स्वास्थ्य क्षेत्रमा चुनौती बढिरहेकाले स्वास्थ्य सचेतना अभिवृद्धि गर्न आवश्यक रहेको र स्वास्थ्य महोत्सवले त्यस कार्यमा टेवा पुग्ने भन्दै प्रशंसा गर्नुभयो ।

स्वस्थ जीवनशैली, स्वास्थ्य सचेतना अभिवृद्धि तथा रोगको समयमै पहिचान गर्ने उद्देश्यले कैलालीको गोदावरीमा पाँचदिने 'स्वास्थ्य युवा महोत्सव-२०८३' आयोजना गरिएको हो । महोत्सव यही मङ्सिर ६ गतेसम्म सञ्चालन हुनेछ । 'स्वस्थ युवा, स्वस्थ समाज, समृद्ध सुदूरपश्चिम' भन्ने नाराका साथ सुरु भएको महोत्सवमा स्वास्थ्य परीक्षण, विशेषज्ञ चिकित्सक सँग प्रत्यक्ष संवाद, परामर्श तथा स्वास्थ्य सचेतनाका कार्यक्रम सञ्चालन गरिने सुदूर-पश्चिम प्रदेश चेम्बर अफ कमर्सका अध्यक्ष विनोद मल्लले जानकारी दिनुभयो । पछिल्लो समय किशोरकिशोरीदेखि वयस्क तथा ज्येष्ठ नागरिकसम्म नसर्ने रोग, मानसिक स्वास्थ्य समस्या र अस्वस्थ जीवन शैलीका कारण उत्पन्न स्वास्थ्य चुनौती बढ्दै गएकाले समुदायस्तरमै स्वास्थ्यसम्बन्धी सही जानकारी र परामर्श पुर्याउने उद्देश्यले महोत्सव आयोजना गरिएको उहाँले बताउनुभयो । महोत्सवमा मानसिक स्वास्थ्य, आत्महत्या रोकथाम, कुलत तथा दुर्व्यसन नियन्त्रण, महिला तथा किशोरी स्वास्थ्य, पोषण, खानपान र स्वस्थ जीवनशैलीलगायत विषयमा विशेषज्ञ चिकित्सकसँग अन्तरक्रिया गरिनेछ । वरिष्ठ मनोचिकित्सक, मनोपरामर्शदाता, क्लिनिकल साइको-लोजिस्ट, जनस्वास्थ्य विशेषज्ञ तथा बाल तथा किशोर मानसिक स्वास्थ्य विशेषज्ञले परामर्श दिने कार्यक्रम रहेका छन् । यस्तै, किशोरी तथा महिलाको प्रजनन स्वास्थ्य, महिनावारी मा हुने समस्या, हर्मोनको गडबडी, थाइराइड, पोलिसिस्टिक ओभरी सिन्ड्रोम (पिसीओएस), गर्भावस्था तथा रजोनिवृत्तिसम्बन्धी विषयमा स्त्री तथा प्रसूति रोग विशेषज्ञ, इन्डो-क्राइनोलोजिस्ट र मनो परामर्शदाता सँग छलफल गरिने जनाइएको छ ।

गोरखामा पूर्वाधार विकास डिभिजन कार्यालय स्थापना

गोरखा । गोरखा, लमजुङ र मनाङ जिल्लामा पूर्वाधार विकासका योजना कार्यान्वयन गर्ने गरी गोरखाको पालुङटार नगरपालिका-५, ठाँटी पोखरीमा पूर्वाधार विकास डिभिजन कार्यालय स्थापना गरिएको छ ।

बुधबारदेखि सञ्चालनमा आएको कार्यालयले तीनवटै जिल्लामा वैकल्पिक राजमार्ग, रणनीतिक कृषि सडक, पर्यटकीय मार्ग, स्थानीय तहका केन्द्र जोड्ने सडक तथा स्थानीय र झोलुङ्गे पुल निर्माण र स्तरोन्नतिको काम गर्ने कार्यालय प्रमुख इन्जिनियर रामशरण आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका योजनाको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), डिजाइन, लागत अनुमान, वाता-वरणीय अध्ययन र गुणस्तर परीक्षणलगायत प्राविधिक काम गर्नेछ । साथै, निर्माण व्यवस्थापन, ठेक्का प्रक्रिया, भुक्तानी, सुपरिवेक्षण तथा विवाद समाधान लगायत काम पनि कार्यालयबाटै हुनेछन् । यसअघि गोरखामा पूर्वाधार विकाससम्बन्धी काम गण्डकी प्रदेश सरकारअन्तर्गतका पूर्वाधार विकास कार्यालय र गोरखा सडक योजना कार्यालयमार्फत हुँदै आएको थियो । गत असोज १३ गते बसेको मन्त्रिपरिषद् बैठकले पूर्वाधार विकास मन्त्रालयअन्तर्गत स्थानीय पूर्वाधार विकास विभाग मातहत प्रत्येक प्रदेशमा सातवटा पूर्वाधार सुपरि वेक्षण तथा अनुगमन कार्यालय र ती कार्यालयअन्तर्गत २१ वटा पूर्वाधार विकास डिभिजन स्थापना गर्ने निर्णय गरेको थियो । सोही निर्णयअनुसार गोरखामा डिभिजन कार्यालय स्थापना गरिएको हो ।

फोहर बिक्रीबाट व्यास नगरपालिकालाई नौ लाख आम्दानी

दमौली । व्यास नगरपालिकाले चालु आर्थिक वर्षको साउनदेखि कात्तिक १९ गतेसम्म फोहर बिक्री गरेर रु नौ लाख ४० हजार ४९४ आम्दानी गरेको छ ।

नगरपालिकाले कागज, कार्टुन, फलाम, प्लास्टिक तथा सिसाजन्य सामग्री बिक्री गरेर उक्त आम्दानी गरेको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो । नगरपालिकाले गत आर्थिक वर्ष २०८२/८३ मा फोहर बिक्रीबाट रु २७ लाख आम्दानी गरेको थियो ।

नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा बिक्रीयोग्य फोहर व्यवस्थापन तथा बिक्रीका लागि बोलपत्र आह्वान गरेको थियो । त्यसअनुसार गत आर्थिक वर्षको मूल्यमा १० प्रतिशत थप गरी तनहुँ स्क्रेप सेन्टर, व्यास-१ लाई फोहर बिक्रीको जिम्मा दिइएको थियो ।

घरबाटै कुहिने र नकुहिने फोहर छुट्याएर सङ्कलन गर्न थालेपछि व्यवस्थापनमा सहज भएको लम्सालले बताउनुभयो । नगरपालिकाले कुहिने र नकुहिने फोहर छुट्टाछुट्टै गाडीमा सङ्कलन गर्दै आएको छ । बिक्रीयोग्य सामग्री बिक्रीबाट प्राप्त रकमले नगर पालिकाको आन्तरिक आम्दानी बढाउन सहयोग पुगेको छ । नगरप्रमुख वैकुण्ठ न्यौपानेका अनुसार व्यास नगरपालिका-१३ मा सरसफाइ व्यवस्थापनका लागि जग्गा खरिद गर्न आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित मन्त्रालयमा सिफारिस गरिएको भए पनि निर्णय हुन नसक्दा दीर्घकालीन फोहरमैला व्यवस्थापनमा समस्या भइरहेको छ । नगरपालिकाले नगरका टोल, वडा र विद्यालयमा पुगेर फोहर वर्गीकरण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ । कार्यालय परिसरमा सङ्कलित नकुहिने फोहर बाट कागज, सिसा र प्लास्टिकजन्य सामग्री छुट्याएर बिक्री गर्ने गरिएको छ ।

बायोग्यास उत्पादनमा प्रयोग हुँदै आएको छ । नगरपालिकाले बजार क्षेत्रका वडा नं २, ३ र ४ बाट दैनिक फोहर सङ्कलन गर्दै आएको छ । ती क्षेत्रबाट दैनिक करिब ११ टन फोहर सङ्कलन हुने गरेको बताइएको छ ।

शैक्षिक गुणस्तर र प्रशासनिक सेवालाई चुस्त बनाउँदै त्रिवि

काठमाडौं । शैक्षिक गुणस्तर उकास्न र प्रशासनिक सेवालाई चुस्त बनाउन त्रिभुवन विश्वविद्यालयले विकेन्द्रीकरणको नीतिलाई थप विस्तार गर्ने भएको छ । स-साना प्रशासनिक कामका लागि पनि क्याम्पसले केन्द्रीय कार्यालय नै धाउनुपर्ने विद्यमान झन्झट अन्त्य गर्न त्रिविले यो कदम चाल्न लागेको हो ।

विश्वविद्यालयका उप-कुलपति भोला थापाका अनुसार शैक्षिक सुधारसँगै प्रशासनिक प्रभावकारिता, आर्थिक पारदर्शिता र संस्थागत जवाफदेहिता सुनिश्चित गर्नु नै यो अभियानको मुख्य लक्ष्य हो । 'विकेन्द्रीकरण नियम २०५५'लाई समयानुकूल अध्ययन गर्दै हालसम्म यस प्रक्रियामा सामेल नभएका क्याम्पसलाई समेट्ने त्रिविको तयारी छ ।

यसअघि विकेन्द्रीकरणमा गएका अधिकांश अध्ययन संस्थान र क्याम्पसले शैक्षिक गुणस्तरभन्दा पनि आर्थिक अधिकारको प्रयोगमा मात्र बढी ध्यान दिएको त्रिविको निष्कर्ष छ । आफूअनुकूल आर्थिक निर्णय गर्दा विश्वविद्यालयमा बेरुजुको चाङ बढेको भन्दै अब आर्थिक पाटोसँगै शैक्षिक सुधारलाई अनिवार्य प्राथमिकतामा राखेर नियम कार्यान्वयन गरिने उपकुलपति थापाले बताउनुभयो ।

प्रचलित विकेन्द्रीकरण नियमले अध्ययन संस्थान, सङ्काय, अनुसन्धान केन्द्र तथा आङ्गिक क्याम्पसलाई अनुदान दिनुका साथै नीति निर्माण, योजना कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र सामान्य कारबाही गर्नेसम्मको स्वायत्त अधिकार दिएको छ। यस्तै, कार्यकारी परिषद्ले तोकेको बाहेक अतिरिक्त शुल्क निर्धारण गर्ने बाटो पनि नियमले खुला राखेको छ ।

आर्थिक व्यवस्थापनतर्फ, सम्बन्धित निकायले आर्जन गरेको कुल आम्दानीको ३० प्रतिशत हिस्सा विश्वविद्यालयको केन्द्रीय कोषमा बुझाउनुपर्ने प्रावधान छ । बाँकी ७० प्रतिशत रकम भने आफ्नै छुट्टै कोषमा जम्मा गरी व्यवस्थापन तथा विकास परिषद्बाट बजेट स्वीकृत गराएर खर्च गर्न पाइन्छ । त्रिविको पछिल्लो तथ्याङ्कअनुसार हालसम्म आठ क्याम्पसले पूर्ण स्वायत्तता प्राप्त गरिसकेका छन् । त्यसैगरी, सात अध्ययन संस्थान तथा अनुसन्धान केन्द्र र ४२ आङ्गिक क्याम्पस विकेन्द्रीकरणको अभ्यासमा गइसकेका छन् भने अब जम्मा १२ क्याम्पस मात्र यस प्रक्रियामा जोडिन बाँकी छन् ।

विदेशको रोजगारी छाडेर गाउँमै भैँसीपालन

कास्की । कतार र कुवेतमा १८ वर्ष बिताउनुभएका कास्कीको माछापुच्छे गाउँपालिका-९ सिदिङका मीनबहादुर क्षेत्री अहिले आफ्नै गाउँमा भैँसीपालन गरेर जीविको पार्जन गरिरहनुभएको छ। विदेशको रोजगारी छाडेर गाउँ फर्किनुभएका उहाँले आठ वर्षदेखि भैँसीपालनलाई आम्दानीको माध्यम बनाउनुभएको हो ।

विदेशमा लामो समय काम गर्दा परिवारबाट टाढा बस्नुपरेको अनुभवले उहाँलाई स्वदेशमै केही गर्ने प्रेरणा मिल्यो । अहिले परिवारसँगै बसेर आफ्नै पेसा गर्न पाउँदा उहाँ सन्तुष्ट हुनुहुन्छ । उहाँको गोठमा अहिले १६ वटा भैँसी छन् । तीमध्ये पाँचवटा दुहुना छन् । क्षेत्रीले दूध बिक्री गर्नुको सट्टा दही जमाएर मोही पार्ने र घ्यू उत्पादन गरी बिक्री गर्दै आउनु भएको छ । पाँच दिनको दूधबाट चार लिटर घ्यू उत्पादन हुने उहाँले बताउनुभयो । उत्पादित घ्यू प्रतिलिटर रु एक हजार ५०० मा बिक्री हुन्छ ।

उहाँले उत्पादन गरेको घ्यू सिदिङमा मात्र नभई मर्दी हिमाल पदयात्रा मार्गका लो क्याम्प र फरेष्ट क्याम्पसम्म पुर्याएर पर्यटकलाई पनि बिक्री गर्नुहुन्छ। पदयात्रामा आउने पर्यटकसम्म स्थानीय उत्पादन पुर्याउन सकेपछि बजारको समस्या नरहेको उहाँको अनुभव छ ।

भैँसीपालनका लागि उहाँले स्थानीय चरन क्षेत्रको उपयोग गर्दै आउनुभएको छ । दूध दिने भैँसीलाई गोठमा बाँधेर राख्ने र दूध दिन छाडेका भैँसीलाई लेकतिर चराउन लैजाने गर्नुभएको छ । सिदिङदेखि कालीमाटीमाथिको लेकसम्म भैँसी चराउन लैजाँदा घाँस, दाना र परालको खर्च कम हुने उहाँ बताउनुहुन्छ । "दूध दिने भैँसीलाई गोठमै बाँध्ने हो, दूध दिन छाडेकालाई लेकतिर चराउन लैजाने हो । यसबाट घाँस, दाना र परालको खर्च कम हुन्छ," उहाँले भन्नुभयो ।

घ्यू उत्पादनसँगै क्षेत्रीले राँगा तथा भैँसीको खरिदबिक्री पनि गर्दै आउनुभएको छ । राम्रो दूध दिने भैँसीको मूल्य रु एक लाखसम्म पर्ने उहाँले बताउनुभयो । घ्यू र भैँसीको बिक्रीबाट घरखर्च कटाएर वार्षिक करिब रु तीन लाख बचत हुने गरेको उहाँको भनाइ छ ।

भैँसीपालनमा परिवारको साथ र सहयोगले व्यवसायलाई निरन्तरता दिन सहज भएको उहाँ बताउनुहुन्छ । उहाँले छोरीलाई स्नातक तहसम्म अध्ययन गराउनु भएको छ । छोरी अहिले जापानमा हुनुहुन्छ भने दुई छोरा कक्षा ९ मा अध्ययनरत छन् ।

विदेशमा आर्जन गरेको अनुभव र मेहनत आफ्नै गाउँमा उपयोग गर्न सके आम्दानीका लागि विदेश नै जानुपर्ने बाध्यता नहुने उहाँको अनुभव छ। गाउँको लेकाली वातावरणमा पशुपालन गर्दै परिवारसँगै बस्न पाउँदा आफू सन्तुष्ट रहेको उहाँ बताउनुहुन्छ ।

संसद अधिवेशन आह्वान गर्ने विषयमा छलफल

काठमाडौं । सरकारले संसद्को आगामी अधिवेशन छिट्टै आह्वान गर्ने तयारी गरेको छ ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले अधिवेशन आह्वान गर्ने विषयमा छलफल भइरहेको र छिट्टै आह्वान गर्ने सरकारको लक्ष्य रहेको बताउनुभएको हो ।

प्रधानमन्त्री बालेन्द्र शाह यसै साता भारत भ्रमणमा जाने कार्यक्रम रहेकाले पनि अधिवेशन आह्वानको समयबारे तत्कालै निश्चित गर्न नसकिएको उहाँले राससलाई बताउनुभयो । सरकारले आगामी अधिवेशनलाई लक्षित गर्दै कानुन संशोधन, नयाँ कानुन निर्माण तथा आवश्यक अध्यादेशबारे गृहकार्यसमेत अघि बढाएको छ ।

"संसद अधिवेशन कहिले गर्ने भन्ने विषयमा छलफल गर्दैछौं । छिट्टै बोलाउने लक्ष्य हो । अहिले कानुनहरूको समीक्षा पनि भइरहेको छ । यो हप्तामै के-के गर्नुपर्ने हो भन्ने स्पष्ट हुन्छ" मन्त्री गौतमले भन्नुभयो ।

यस्तै, सरकारले घोषणा गरेको 'कानुन निर्माण तथा सुधार वर्ष' अन्तर्गत विद्यमान कानुनको समीक्षा, नयाँ कानुन निर्माण र आवश्यक कानुन संशोधन तथा एकीकरणलाई प्राथमिकतामा राखेको छ । यसका लागि गठित सुधार समितिको प्रत्येक १५ दिनमा बैठक बस्ने गरेको र सबै मन्त्रालयबाट प्रगति विवरण प्राप्त भइरहेको मन्त्री गौतमले बताउनुभयो ।

हाल सरकारले सम्बन्धित मन्त्रालयहरूसँगको छलफलका आधारमा एक वर्षमा १६६ वटा कानुन निर्माण तथा सुधार गर्ने लक्ष्य राखेको छ । दसैँअघि संसद्मा दर्ता भएका विधेयकहरूको प्रगति हेर्दा उक्त लक्ष्य हासिल गर्न सकिने विश्वास बढेको उहाँको भनाइ छ ।

जरिवाना र ब्याज मिनाहाको सुविधा

काठमाडौं । नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार सेवा प्रदायक कम्पनीहलाई विभिन्न शुल्क, दस्तुर तथा करमा लागेको जरिवाना र ब्याज मिनाहाको सुविधा उपयोग गर्न आग्रह गरेको छ ।

प्राधिकरणले आर्थिक ऐन, २०८३ को दफा ४९ मा भएको व्यवस्थाअनुसार मङ्सिर मसान्तभित्र बक्यौता शुल्क वा दस्तुर वा कर तथा त्यसको एक प्रतिशत थप रकम दाखिला गरेमा लाग्ने जरिवाना, ब्याज तथा शुल्क मिनाहा हुने जनाएको छ । प्राधिकरणका अनुसार शुल्क, दस्तुर वा कर दाखिला नगरेका, कम दाखिला गरेका वा आवश्यक विवरण नबुझाएका सेवा प्रदायकले उक्त सुविधा पाउनेछन् । त्यसैगरी, सम्बन्धित कार्यालय बाट कर, शुल्क वा दस्तुर निर्धारण भई बक्यौता कायम भएका वा अदालत तथा न्यायिक निकायमा मुद्दा विचाराधीन रहेका सेवा प्रदायकले मुद्दा फिर्ता लिई निर्धारित रकम र त्यसको एक प्रतिशत थप रकम बुझाएमा पनि जरिवाना तथा ब्याज मिनाहा हुनेछ । प्राधिकरणको अनुमतिपत्र प्राप्त सम्पूर्ण दूरसञ्चार सेवा प्रदायकलाई मङ्सिर मसान्त भित्र आवश्यक रकम दाखिला गरी उक्त सुविधाको उपयोग गर्न अनुरोध गरिएको हो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com